जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक २४६ • २०८३ असार १२ गते शुक्रवार • 26 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


# जनकपुरधाम उपमहानगर भित्रका निजी विद्यालय संचालकहरूको लगानी असुरक्षित बन्दै अपरिपक्व निर्णय तथा कुशल नेतृत्व अभावका कारण अभिभावकविहिन शिक्षा क्षेत्र बन्दै

**गणेश प्रसाद सिंह**

**जनकपुरधाम, ११ असार**

जनकपुरधाम उपमहानगरपालिका भित्र संचालित २ सय भन्दा बढी निजी विद्यालय संचालकहरुको लगानी असुरक्षित बन्दै गएको देखिन्छ । पहिलो कारणको रुपमा संघीय सरकारको कडा निर्देशन र स्थानिय सरकारको असहयोग र मौनता हो। शैक्षिक सत्र २०८३ बैशाखको पहिलो सप्ताहमा शुरु हुनुपर्ने परम्परागत तालिका रहेको सर्बविदितै छ। त्यतिबेला बालेन सरकारको शिक्षा मन्त्रालयले बैशाख २१ गते भन्दा अगाडी कुनै पनि शैक्षिक क्रियाकलाप नगर्न कडा निर्देशन जारी गरेका थिए।



यति मात्र होइन बालेन सरकारले ईन्धनमा देखिएको मूल्यबृद्धि तथा न्यून उपलब्धताको कारण देखाएर शनिवार र आईतबार अस्थायी रुपमा विद्यालय बन्द गर्न व्हीप नै जारी गर्यो जुन अहिले पनि यथाबत नै छ। तर शैक्षिक चिन्तनको विकास गर्दै स्थानिय जवाफदेहिता तथा अधिकारको पूर्णरुपमा पालना गरी जनकपुरधामको नजिकै रहेको धनुषा जिल्लाको मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाले गाउँसभाको निर्णयले बैशाख ७ गतेदेखि नै आफ्ना पालिका भित्रका शैक्षिक भर्ना तथा पठनपाठन् शुरु गराए । यसै किसिमले नेपाल भरीका विभिन्न पालिकाहरुले आफ्ना एकल निर्णयले केहि दिनको अगाडी पछाडी भए पनि विद्यालय संचालन गरे । तर हरेक तबरले सबल रहेको जनकपुरधाम उपमहानगरपालिकाले नीजि विद्यालय तथा विद्यार्थीको हकहितको वास्ता नगरी पठनपाठन् बैशाख १४ गतेसम्म बन्द राखे। बिक्रम संबत् २०८२ साल चैत्र महिनादेखि समाजिक संजालमा नीजि विद्यालय बन्द सम्बन्धी सम्प्रेषित भ्रमपूर्ण समाचारले समेत यहाँका नीजि विद्यालयमा अध्ययनरत विद्यार्थी तथा अभिभावकहरुका मनोबल तोरे । जसको परिणामस्वरुप ती विद्यार्थीहरु सामुदायिक विद्यालयमा नामाँकन गराउन सुरक्षित महसुस गरे। त्यो बिषम परिस्थितिमा पनि संघीय सरकारले यस्तो भ्रमपूर्ण समाचारको खण्डन गरेनन् जुन अति आवश्यक थियो । स्थानिय सरकारलाई कक्षा १२ सम्मको पठनपाठ्न गर्ने गराउने अधिकार हुँदाहुँदै पनि जनकपुरधाम उपमहानगरले नीजि विद्यालय बन्द सम्बन्धी भ्रमपूर्ण समाचारको खण्डन गर्न आवश्यकता समेत महसुस गरेनन् । उपमहानगरको यो मौनताले समेत नीजि विद्यालयको लगानीलाई खतराको क्षेत्रमा अर्थात असुरक्षित गर्नमा टेवा पुर्यायो । नीजि विद्यालयका संचालकहरु समेत यस सम्बन्धमा कुनै पनि सामुहिक प्रतिक्रिया नदिई मौनता राख्न सजिलो महसुस गरे ।

जसको परिणामस्वरुप नीजि विद्यालयहरुबाट टिसि लिएर सामुदायिक विद्यालयहरुमा ट्रान्सफर हुने संख्यामा बढोत्तरी हुदै गयो। बिक्रम सम्बत् २०८३ साल जेष्ठ महिनाको अन्तिमसम्मको सेम्पलिंग तथ्याँक अनुसार केहि विद्यालय बाहेक अन्य नीजि विद्यालयमा विद्यार्थीहरुका नामाँकन संख्यामा पचास प्रतिशतले गिराबट आएको देखिन्छ । जबकी सामुदायिक विद्यालयमा नामाँकन संख्या पचास भन्दा बढी प्रतिशतले बृद्धि भएको छ। ती सामुदायिक विद्यालयहरुमा शिक्षा ऐन २०२८ बमोजिम एउटा कक्षामा अधिकतम ४४ जना र औसतमा ३३ जना मात्र राख्ने प्राबधान हुँदाहुदै पनि एउटै कक्षामा सो भन्दा बढी विद्यार्थीहरु कोचेर भर्ना गरी पठनपाठ्न गरेको अवस्था छ । निःशुल्क शिक्षाको अवधारणा सामुदायिकमा अनिवार्य रुपमा लागु गर्न संघीय सरकारले निर्देशन दिए पनि अँग्रेजी माध्यमको नाउँमा स्रोत साधनले धनी सामुदायिक विद्यालयले समेत विद्यार्थीहरुबाट सहयोग रकम भनेर शुल्क लिने गरेको पाइएको छ जुन अव्यवहारिक हो ।

अहिले जनकपुरधाममा केहि सामुदायिक विद्यालय भर्सेज नीजि विद्यालय भएको परिवेश छ । जनकपुरधाम उपमहानगरको शिक्षाविदहरुले समेत यसलाई स्वभाविक रहेको बताउछन् । तर स्वभाविक त्यो अर्थमा सहि हुन्थ्यो जब सामुदायिक विद्यालयमा विद्यार्थीहरुको संख्यादेखि अन्य कुरामा समेत नियन्त्रित नीजि जस्तै नियमन हुन्थ्यो। तर त्यो त कहि छैन । यस परिस्थितिको शुरुवात जतिसुकै राम्रो हेर्नमा लागे

बांकी पृष्ठ २ मा ।


GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence



GYAN GANGA INT'L PUBLIC SCHOOL
GYAN GANGA
INTERNATIONAL PUBLIC SCHOOL
JANAKPURDHAM-4, MURALI CHOWK
WELCOME TO OUR SCHOOL
A Better Future Starts Here!


OUR SERVICES
EXPERIENCED & QUALIFIED TEACHERS
SMART & DIGITAL CLASSES
COMPUTER & SCIENCE LAB
TRANSPORT & HOSTEL FACILITY
EXTRA ACTIVITIES & SPOKEN ENGLISH
CALL US 9828414721 | 9815830601
VISIT OUR WEBSITE www.gyangangaschool.edu.np



मधुमेह (डायबिटिज) रोगबाट बचौं

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,
- विभिन्न अंगमा क्षति पुर्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुर्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जगंफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# सार्वजनिक नीतिको अन्तिम गन्तव्य

नीति निर्माणको अर्को महत्वपूर्ण पक्ष नवप्रवर्तन रहेको देखिन्छ । अचेल नवप्रवर्तनलाई आधुनिक प्रविधिको प्रयोगसँग मात्र गाँसेर हेर्ने गरिछन । नवप्रवर्तन भनेको त्यति मात्र नभई समस्यालाई फरक ढङ्गले समाधान गर्ने कला रहेको देखिन्छ । नवप्रवर्तन कुनै जादुमय समाधान होइन । यो एउटा कला रहेका छन । समस्यासँग रमाउन सिक्ने प्रवृत्ति, परम्परागत नभई घेराबाहिरबाट सोच्ने अभ्यास; निराशाभित्रबाट पनि सम्भावना खोज्ने हिम्मत र सामूहिक समझदारी निर्माण गर्ने कला नै नवप्रवर्तन रहेको देखिन्छ । यो नवप्रवर्तनकारी कलाले प्रभावकारी नीतिको तर्जुमा गर्न सघाउँछ भन्ने मान्यता रहेको देखिन्छ । समग्रमा सार्वजनिक नीति शक्तिको नभई नागरिक र राज्यबिचको जीवन्त विश्वासको धरोहर रहेका छन । असल नीति निर्माणका लागि सही समस्याको पहिचान, प्रणालीगत सोच, तथ्यपरक इमानदारी र कार्यान्वयनको सामर्थ्य जस्ता आधारभूत खम्बा आवश्यक पर्छ ।

नेपालको मुख्य चुनौती नीतिको अभाव नभई त्यसलाई नागरिकको जीवनसम्म पुर्‍याउने क्षमताको कमी हुनु हो । ऐन र कार्यक्रमको चाङले मात्र सुशासन आउने छैन, तसर्थ अति विपन्नको पहुँचदेखि सिङ्गो पुस्ताको समान अवसर सुनिश्चित गर्दै नागरिकको सन्तुष्टि, विश्वास र गरिमा अभिवृद्धि गर्न नै सार्वजनिक नीतिको अन्तिम गन्तव्य रहेको देखिन्छ ।

# जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने प्रक्रिया सुरु

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ असार**



महोत्तरी जिल्लामा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने प्रक्रिया सुरु भएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले सार्वजनिक सूचना जारी गर्दै सरोकारवाला निकाय, स्थानीय तह तथा सर्वसाधारण नागरिकसँग राय, सुझाव र आवश्यक विवरण उपलब्ध गराउन आग्रह गरेको छ । मालपोत नियमावली, २०३६ को नियम ५(ख) बमोजिम जिल्लाका भूमि प्रशासन कार्यालयहरूमा रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनका लागि न्यूनतम मूल्य निर्धारण समितिले जग्गाको मूल्य पुनरावलोकन गर्ने कार्य अघि बढाएको जनाएको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार जग्गाको न्यूनतम मूल्यलाई यथार्थपरक, वस्तुगत, समयसापेक्ष तथा व्यवहारिक बनाउने उद्देश्यले सम्बन्धित पक्षबाट सुझाव संकलन गर्न लागिएको हो । प्राप्त सुझाव तथा विवरणलाई अध्ययन र विश्लेषण गरी प्रचलित कानुनअनुसार मूल्य निर्धारण प्रक्रियामा समावेश गरिने जनाइएको छ । कार्यालयले सम्बन्धित स्थानीय तहहरूमार्फत आगामी असार २२ गतेभित्र राय, सुझाव तथा आवश्यक विवरण पठाउन अनुरोध गरेको छ । यस प्रक्रियाले जिल्लाभित्रको जग्गा कारोबारलाई थप पारदर्शी र वास्तविक बजार मूल्यसँग नजिक बनाउने विश्वास गरिएको छ ।

## जनकपुरधाम उपमहानगर भित्रका.............................

पनि यसको परिणाम नीजि विद्यालयको लागि असुरक्षित रहेको देखिन्छ । किनभने कक्षा १ देखि ७ वा ८ सम्म नीजि विद्यालयमा पढी सरकारी सेवा अधिक प्राप्त गर्ने गलत प्रलोभनमा परी अभिभावकहरु आफ्ना विद्यार्थीहरुलाई कक्षा ८ वा ९ मा सामुदायिकमा भर्ना गराउने परिपाटी बढेको देखिन्छ ।

यसले सामुदायिकको साखमा बृद्धि गर्दछ भने नीजिको साखमा गिराबट आएको देखिन्छ । किनभने तल्लो कक्षामा जस्तोसुकै परिणाम आए पनि मतलब नराखिने तर एसइईमा आएको परिणामले विद्यार्थी तथा विद्यालय समेतको अभिलेखि राखिने भएकोले सामुदायिकले नीजिको साख खोस्ने परिवेशको सृजना भएको देखिन्छ । यस कारणले पनि नीजि विद्यालयको लगानी असुरक्षित बन्दै गएको देखिन्छ ।

दोस्रो कारणको रुपमा जनकपुरधाम उपमहानगर शिक्षा समितिको बैमनष्यतापूर्ण लक्षित अनुगमन,अपरिपक्व निर्णय तथा कुशल नेतृत्व अभावका कारण नीजि विद्यालयको लगानी असुरक्षित रहेको शिक्षाविदहरु बताउछन् भने यस्तै अवस्था रहयो भने शिक्षा क्षेत्र अभिभावकविहिन बन्न समय नलाग्ने समेत भविष्यवाणी गरेका छन् । किनभने कुनै पनि शहर वा पालिकाको आर्थिक विकासमा त्यहाँ भएका उद्योग,कलकारखाना तथा सेवामुखि संस्थाहरुको आर्थिक विकास नै प्रमुख तत्वको रुपमा बुझिन्छन् । जनकपुरधाम लगायत मधेस प्रदेशको शिक्षाको दर ६३।५ प्रतिशत मात्र हो । जसमा महिला शिक्षाको दर ५४।७ प्रतिशत मात्र हो । यस परिवेशमा जनकपुरधाम उपमहानगरले कुन अभिप्रायले मात्र नीजि विद्यालयलाई अनावश्यक रुपमा सालभरी अनुगमन गर्ने,साना नीजि विद्यालयहरुलाई धाकधम्की देखाउने,एउटै विद्यालयलाई पटक पटक अनुगमन गर्ने,सामाजिक संजालमा विभिन्न मनग्रन्थ कुराहरु गरी शैक्षिक अनुशासन भंग गर्ने, शैक्षिक सुधारको आँडमा आफ्नो भावी चुनावी प्रचारप्रसार गर्ने तथा विद्यालयहरुले स्वस्फूर्तरुपमा पाउनु पर्ने अधिकार दिनमा हेलचक्रयाई गर्नु कहाँ सम्म जायज हो रु नीजि गुठी अन्तर्गत नयाँ विद्यालय दर्ताको व्यवस्था हुँदाहुँदै पनि त्यस अनुसार दर्ता नभएका विद्यालयहरुलाई सहज रुपमा विना शर्तको नयाँ दर्ता प्रमाणपत्र दिएर शिक्षाको दर बढाउनमा ठूलो सहयोग हुने जानकारहरु बताउँछन् ।

नत्र भने जनकपुरधाममा माँसमदिराको पसल बढी हुने पूर्वानुमान गरिएको छ । त्यसैगरी थप कक्षा वा कक्षोन्नतिका लागि निवेदन दिएका विद्यालयहरुलाई निवेदन दिएको २ महिनाभित्र (माघदेखि फागुनसम्ममा) अर्थात नयाँ शैक्षिक सत्र शुरु हुनु भन्दा १ महिना अगाडी नै थप कक्षा प्रमाणपत्र दिएमा अनावश्यक अनुगमनमा समय खर्चिनु भन्दा सृजनात्मक काममा त्यो समय प्रयोग गर्न सकिने शिक्षाविदहरु बताउँछन् । जनकपुरधाम उपमहानगरले शिक्षाको अर्थ मात्र नीजि विद्यालयको खनजोतलाई बुझेको छर्लंग देखिन्छ । होइन भने जनकपुरधाम उपमहानगरले नवप्रवर्तन तथा नवविकास जस्तो की प्रौढ शिक्षा, नीजि विद्यालयका शिक्षकहरुलाई तालिम, प्र.अ.तालिम, नगर शिक्षकको अवधारणा,कुशल विद्यालय व्यवस्थापनको तालिम, एआई सम्बन्धी तालिम, उत्कृष्ट नीजि विद्यालयलाई पुरस्कार लगायतका सृजनात्मक कामहरुमा कतै हात हालेको देखिदैन ।

कर लिने जनकपुरधाम उपमहानगरले यस्ता सुविधा दिनमा कहाँ घाटा लाग्न सक्छन् रु कतै घाटा देखिदैन । यसबाट शैक्षिक उपलब्धि नै बढने देखिन्छन् । आफ्नो व्यवसाय गरी कानुन सम्बत जिविका चलाउन पाउन सक्ने आम नागरिकको मौलिक अधिकार हो । जनकपुरधाममा माँसमदिराको व्यवसाय निकै फस्टाएको छ भने नीजि विद्यालयलाई सहयोग तथा राहतको ठाउँमा परेशान गर्ने केहि व्यक्तिहरुको बालहठको कारण सम्पूर्ण नीजि शिक्षा प्रभावित भएको संचालकहरु बताउँछन् । जनकपुरधाम उपमहानगरपालिकाले नीजि शिक्षा क्षेत्रमा लगानी गर्नेको संख्या बढाउनु भन्दा तालाबन्दी गर्ने गराउने अपरिपक्व सोचका कारण तथा कुशल नेतृत्वको अभावका कारण खास गरी जनकपुरधाममा शिक्षा क्षेत्रमा लगानी गर्नबाट शिक्षाप्रेमीहरु पलायन हुने डरलाग्दो अवस्था सृजना भएको देखिन्छ । बढी विद्यार्थी भर्नाको लागि सामुदायिक विद्यालयहरुमा समेत पर्याप्त भौतिक संरचनाको अभाव रहेको छ । ईतिहास साक्षी छ की पहाडी मूलका व्यक्तिहरु विभिन्न कारणहरुले यहाँबाट त पलायन छ नै अहिले मधेसी मूलका व्यक्तिहरुमा समेत पलायनको अवस्था बढ्यो भने जनकपुरधामको घट्दो शिक्षा दरको डरलाग्दो अवस्थाको परिणाम जनकपुरधामको वडा नं।–१२ र १५ कुवारामपुरबाट सिक्न सकिन्छ ।

त्यसकारण समयमै आकर्षक तथा सहयोगीपूर्ण लगानीमैत्री रणनीति अबलम्बन गरी कसैको दबाब तथा प्रभावमा लिप्न नभई प्राकृतिक रुपमा कुशल नेतृत्व प्रदान गरी अभिभावकत्वको बोध गर्न गराउन नगर प्रमुख लगायत सम्बन्धीत सरोकारबालाहरुले ध्यान दिन आवश्यक रहेको देखिन्छ । नत्र भने नेपालको ३५ वर्षको पुरानो शासन परम्परा जसरी बालेन सरकारले भत्कायो, त्यसरी नै यो गलत व्यवस्थाको एक न एक दिन नराम्रो अन्त्य हुनेछ । त्यसकारण मौकामा हिरा फोर्ने नै कुशल हुने ईतिहासले बताउँदछ ।

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: मनमा पछुतो आउने
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: अनावश्यक चिन्ता
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: खानपानमा समस्या आउने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: मित्रतामा फाटो आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: शुभ कार्यको शुरुवात
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव


**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु





### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# सवारी दुर्घटनामा नयाँ मोड



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ११ असार**

सिरहाको मिर्चैया नगरपालिका-८ भगवतपुरमा भएको सवारी दुर्घटनापछि घटनाले नयाँ मोड लिएको छ।

स्थानीयवासीले दुर्घटनामा संलग्न व्यक्तिहरूले घटनापछि अर्को गाडी प्रयोग गरेर भाग्ने प्रयास गरेको दाबी गरेपछि घटनाप्रति थप चासो बढेको हो। स्थानीयका अनुसार घरको आँगनको गेटनजिक बसिरहेका गुनाई ठाकुरलाई बा.प्र.०१-०३२ च ८९७१ नम्बरको विद्युतीय (ईभी) गाडीले ठक्कर दिएको थियो। दुर्घटनापछि गाडीमा रहेका व्यक्तिहरू तत्काल घटनास्थलबाट फरार भएका थिए। प्रत्यक्षदर्शीहरूले दिएको जानकारीअनुसार केही समयपछि ती व्यक्तिहरू सेतो रङको अर्को गाडी लिएर घटनास्थल आसपास पुगेका थिए। दुर्घटनाको खबर फैलिएसँगै स्थानीयवासी ठूलो संख्यामा भेला भएपछि उनीहरू पुनः उक्त गाडी लिएर त्यहाँबाट निस्किएका थिए।

घटनापछि गाउँमा तनावपूर्ण अवस्था सिर्जना भएको थियो। स्थानीयवासीले दुर्घटनामा संलग्न व्यक्तिहरूलाई पक्राउ गर्न र घटनाको वास्तविकता सार्वजनिक गर्न माग गर्दै प्रहरीसँग कडा कदम चाल्न आग्रह गरेका थिए। प्रहरीले घटनालगत्तै खोजी अभियान सञ्चालन गरी दुर्घटनामा प्रयोग भएको ईभी गाडी र त्यसपछि प्रयोग गरिएको भनिएको सेतो गाडी दुवैलाई नियन्त्रणमा लिएको जनाएको छ। स्थानीय स्रोतका अनुसार सेतो गाडी केही समयपछि एकान्त स्थानमा बेवारिसे अवस्थामा फेला परेको थियो। दुर्घटनामा गम्भीर घाइते भएका गुनाई ठाकुरको उपचारका क्रममा मृत्यु भएको बताइएको छ। यस्तै, रामपुकार ठाकुर घाइते भएका छन्। उनको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। स्थानीयवासीले दुर्घटनामा संलग्न सवारीसाधनबाट मदिरासमेत बरामद भएको दाबी गरेका छन्। यद्यपि, यस विषयमा प्रहरीले औपचारिक पुष्टि गरिसकेको छैन। घटनाको प्रकृति सामान्य सडक दुर्घटनाभन्दा फरक देखिएको भन्दै स्थानीयले निष्पक्ष र गहिरो अनुसन्धानको माग गरेका छन्। उनीहरूले दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याई कडा कारबाही गर्नुपर्ने बताएका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाले घटनासम्बन्धी सबै पक्षको अनुसन्धान भइरहेको जनाउँदै दुर्घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा कानुनी प्रक्रिया अगाडि बढाइएको जनाएको छ। प्रहरीले घटनाबारे थप विवरण अनुसन्धानपछि सार्वजनिक गरिने जनाएको छ।

# थमन विक हत्या प्रकरण सम्बन्धी मुद्दाको ४९ औं पेशी पनि स्थगित

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ असार**



मधेश प्रदेशसभाका निलम्बित सांसद अभिराम शर्मा संलग्न रहेको थमन विक हत्या प्रकरण सम्बन्धी मुद्दाको उच्च अदालत जनकपुरमा तोकिएको ४९ औं पेशी पनि स्थगित भएको छ। उच्च अदालत जनकपुरको संयुक्त इजलासमा न्यायाधीशद्वय कैलाशप्रसाद सुवेदी र कृष्णप्रसाद सुवेदीको इजलासमा बुधबारका लागि पेशी तोकिएको थियो। तर निवेदक पक्षका कानुन व्यवसायीले पेशी स्थगनको निवेदन दिएपछि सुनुवाइ अघि बढ्न नसकेको अदालतले जनाएको छ।

मधेश आन्दोलनका क्रममा सशस्त्र प्रहरी बलका असई थमन विकको हत्या भएको घटनामा महोत्तरी जिल्ला अदालतले २०८० मंसिर २८ गते तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका प्रदेशसभा सदस्य अभिराम शर्मा सहित सात जनालाई जन्मकैदको सजाय सुनाएको थियो। जिल्ला अदालतको फैसलाबाट अभिराम शर्मासहित प्रदीप साह, संजयकुमार साह, मोहन ठाकुर, धर्मेन्द्र राय, रामशंकर शाही (शंकर शाही) र सुरेश पाण्डे दोषी ठहर भएका थिए। उक्त फैसलाविरुद्ध अभिराम शर्माका बुवा महेन्द्र शर्मा तथा अन्य अभियुक्तका परिवारजन र प्रतिनिधिहरूले २०८१ वैशाखमा उच्च अदालत जनकपुरमा पुनरावेदन दर्ता गराएका थिए। पुनरावेदन दर्ता भएको लामो समय बितिसक्दा पनि मुद्दाको अन्तिम सुनुवाइ प्रक्रिया निष्कर्षमा पुग्न सकेको छैन। उच्च अदालतको अभिलेखअनुसार हालसम्म उक्त मुद्दामा ४९ पटक पेशी तोकिएको छ। तीमध्ये २८ वटा पेशी विभिन्न कारणले स्थगित भएका छन्। ११ वटा पेशीमा अदालतबाट विभिन्न आदेश जारी भएका छन् भने ६ वटा पेशी 'हेर्न नभ्याइने' सूचीमा परेका छन्। दुई वटा पेशी 'हेर्दाहेर्दै' अवस्थामा पुगेका थिए भने दुई वटा पेशीमा बकपत्र सम्पन्न भएको अदालतको विवरणमा उल्लेख छ। पछिल्ला पेशीहरू पनि निरन्तर प्रभावित हुँदै आएका छन्। असार ३ गतेको पेशी 'हेर्न नभ्याइने' सूचीमा परेको थियो भने जेठ २७ गते अर्को पेशी तोक्ने आदेश भएको थियो। जेठ २० र १३ गतेका पेशीहरू 'लगाउ'मा रहेका अन्य मुद्दाका कारण स्थगित भएका थिए। यसअघि जेठ ६ गतेको पेशी पनि निवेदक पक्षका कानुन व्यवसायीको आग्रहमा स्थगित गरिएको थियो। अदालतका प्रवक्ता उपरजिस्ट्रार शम्भु भुजेलका अनुसार थमन विक हत्या प्रकरणसँग सम्बन्धित अन्य सात वटा मुद्दासँगै 'लगाउ' मा राखेर सुनुवाइ गर्नुपर्ने भएकाले पनि पेशी व्यवस्थापनमा समस्या देखिएको हो।


## सूचना ! सूचना !! सूचना !!!

**खेलकुदका माध्यमबाट स्वस्थ, सक्षम, अनुशासित, मर्यादित, सिर्जनशील र मानवीय संवेदनायुक्त नागरिक निर्माण गरौं।**

मधेश प्रदेश सरकार
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
मधेश प्रदेश जनकपुरधाम, धनुषा

## सूचना ! सूचना !! सूचना !!!

**बालविवाह, बहुविवाह र अन्य अनमेल विवाहलाई प्रश्रय नदिऔं, सभ्य समाजको निर्माण गरौं।**

मधेश प्रदेश सरकार
**गृह संचार तथा कानुन मन्त्रालय**
मधेश प्रदेश जनकपुरधाम, धनुषा

## सूचना ! सूचना !! सूचना !!!

**भवन निर्माण संहिताको पालन गरि भवन निर्माण गरौं, सम्भावित जोखिमबाट बचौं।**

मधेश प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
मधेश प्रदेश जनकपुरधाम, धनुषा

## सूचना ! सूचना !! सूचना !!!

**जनताको पीरमर्का सुन्न र रचनात्मक सुझावहरु ग्रहण गर्न मधेश प्रदेश सरकार सधैं तत्पर र जागरुक छ। साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ।**

मधेश प्रदेश सरकार
**मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय**
मधेश प्रदेश जनकपुरधाम, धनुषा

# जलवायु परिवर्तनको मारमा रैथाने कोदो



-जलवायु परिवर्तन, बसाइँसराइ र सरकारी उपेक्षाका कारण नेपालमा रैथाने कोदो खेती संकटमा परेको छ। कोदोको उत्पादन घट्दै जाँदा आयात बढेको छ, जसले खाद्य सुरक्षा र अर्थतन्त्रमा गम्भीर चुनौती सिर्जना गरेको छ । अनुसन्धान, प्रविधि, बजारीकरण र नीतिगत सुधारमार्फत कोदो खेतीलाई संरक्षण र प्रवर्द्धन गर्न सकिने सम्भावना अझै बाँकी छ। पोषणको दृष्टिले अत्यन्तै समृद्ध मानिन्छ- कोदो । विशेष गरी यसमा क्याल्सियम, फलाम र फाइबर प्रचुर मात्रामा पाइन्छ, जसले कुपोषण र रक्तअल्पता (एनिमिया) सँग लड्न सहयोग पुऱ्याउँछ । तर, नेपालको सन्दर्भमा भने कोदो खेतीको अवस्था दिनानुदिन चिन्ताजनक छ ।

विश्वमा कोदो उत्पादन गर्ने देशको सूचीमा नेपाल १३ औं स्थानमा छ । तर, यसको उत्पादन मात्रा निरन्तर घट्दो क्रममा छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालमा २ लाख २४ हजार ९ सय ३५ हेक्टर क्षेत्रफलमा कोदो खेती गरिएको थियो, जसमा कुल ३ लाख ७३ हजार २ सय मेट्रिक टन मात्रै उत्पादन भएको छ । प्रतिहेक्टर १.६६ मेट्रिक टनको हाराहारीमा रहेको यो उत्पादकत्व धान वा मकैको तुलनामा निकै कम मानिन्छ । नेपालमा कोदोको खपत भने उत्पादनको तुलनामा धेरै बढी छ । भन्सार विभागको तथ्यांक अनुसार, आर्थिक वर्ष २०८०/८१ मा मात्रै नेपालले १ करोड ५२ लाख ९२ हजार ८ सय २० किलोग्राम कोदो आयात गर्नुपरेको छ, जसको कुल मूल्य ७५ करोड ४१ लाख ९५ हजार रुपैयाँ छ । अचम्मको कुरा त के छ भने, पछिल्लो साढे चार वर्षमा मात्रै नेपालले २ अर्ब ५० करोड रुपैयाँभन्दा बढीको कोदो आयात गरिसकेको छ । हाम्रो रैथाने बाली कोदो यति ठूलो परिमाणमा विदेशबाट आयात हुनु राष्ट्रिय अर्थतन्त्र र खाद्य सुरक्षाका लागि गम्भीर चेतावनी हो । विज्ञहरूका अनुसार, यसको मुख्य कारण जलवायु परिवर्तनसँगै बढ्दो बसाइँसराइ र राज्यको कृषि नीतिको उपेक्षा हो । नेपालमा जलवायु परिवर्तनको प्रभाव अहिल्यै स्पष्ट देखिन थालेको छ। नेपालको औसत तापक्रम सन् १९७५ देखि २००६ सम्ममा १.८ डिग्री सेल्सियसले वृद्धि भएको थियो, जुन विश्वव्यापी औसतभन्दा बढी हो र पछिल्लो दशकमा यो वृद्धि झनै तीव्र बनेको छ । यही तापक्रम वृद्धिले कोदो खेतीमा प्रत्यक्ष असर पारेको छ । विशेष गरी कोदो बालीमा फूल आउने चरणमा अत्यधिक तापक्रम हुँदा यसको उत्पादनमा भारी ह्रास आउँछ । मनसुनको अनियमितता कोदोका लागि अर्को ठूलो चुनौती बनेको छ।

पछिल्लो समय नेपालको पहाडी भेगमा मनसुन सुरु हुने समयमा अचानक भारी वर्षा: कोदो खेती ज्यादै झन्झटिलो र श्रमसाध्य मानिन्छ । जमिन तयारी, रोपाइँ, गोडमेल, बाली भित्र्याउने र थ्रेसिङ (दाना अलग गर्ने) को प्रक्रियामा धेरै श्रम र समय लाग्छ ।(क्लाउड ब्रस्ट) हुने र त्यसपछि लामो समय सुक्खा याम हुने क्रम बढेको छ । भिरालो जमिनमा खेती गरिने कोदोको बीउ यस्तो भारी वर्षाले बगाउने वा पहिरोले पुरिदिने गरेको छ । सबै जलवायु प्रेरित कारणले नेपालमा कोदोको उत्पादकत्व अहिले प्रतिहेक्टर १.३ मेट्रिक टनको आसपास मात्रै खुम्चिएको छ, जुन केही दशकअघिको तुलनामा करिब २० प्रतिशतले कम हो। कोदो खेती ज्यादै झन्झटिलो र श्रमसाध्य मानिन्छ । जमिन तयारी, रोपाइँ, गोडमेल, बाली भित्र्याउने र थ्रेसिङ (दाना अलग गर्ने) को प्रक्रियामा धेरै श्रम र समय लाग्छ। युवा पुस्ता विदेशिएपछि बूढापाका र महिला मात्रै खेतीमा बाँकी छन् । उनीहरूले पनि शारीरिक अशक्तताका कारण कोदो खेती गर्न छाड्दै गएका छन् । बिक्रीको सुनिश्चितता नहुनु अर्को प्रमुख समस्या हो । स्थानीय बजारमा कोदोको माग हुँदाहुँदै पनि व्यवस्थित बजारीकरणको अभाव र बिचौलियाको चपेटाका कारण किसानले उचित मूल्य पाएका छैनन् । कोदोलाई अहिले पनि समाजमा 'गरिबको अन्न' वा 'आलोपालो बाली' को नजरले हेर्ने संकुचित प्रवृत्ति छ । र, सरकारी नीति-अनुदानमा यसको सधैं उपेक्षा भइरहेको छ। धान, गहुँ, मकैको तुलनामा कोदो खेतीका लागि छुट्टै अनुसन्धान, उन्नत बीउ र प्रविधिको प्रायः अभाव देखिन्छ । यी सबै कारणले कोदो खेती गरिने क्षेत्रफल बर्सेनि २ देखि ३ प्रतिशतले घटिरहेको तथ्यांक छ । यसबाहेक, कोदोको भण्डारण र प्रशोधनमा आधुनिक उपकरणको अभावले फल्नुअघि र फलेपछि पनि धेरै उत्पादन बिग्रिने समस्या छ ।

तर, यो निराशाजनक अवस्थालाई इच्छाशक्ति भए परिवर्तन गर्न सकिन्छ । कोदो जलवायु परिवर्तनको चपेटामा परेको रैथाने बाली भए पनि यसलाई अनुकूलन गरी 'जलवायु-अनुकूल बाली' का रूपमा विकास गर्ने अपार सम्भावना छ । विश्वव्यापी रूपमा अहिले 'क्लाइमेट-स्मार्ट एग्रिकल्चर' को अवधारणा अघि बढिरहेको छ, जसमा कम पानी, कम मल-उर्वरकमा पनि राम्रो फल दिन सक्ने र तापक्रमको उतारचढाव सहन सक्ने बाली खोजी गरिन्छ । कोदो ती सबै विशेषता भएको सर्वोत्कृष्ट बाली हो। नेपालमा यसको संरक्षण र संवर्द्धनका लागि सर्वप्रथम त अनुसन्धानमा लगानी बढाउनुपर्छ। नेपाल कृषि अनुसन्धान परिषद्ले कोदोका यस्ता जलवायु-अनुकूल उन्नत जात विकास गर्नुपर्छ, जुन खडेरी, अत्यधिक वर्षा र रोग प्रतिरोधी होऊन् । हाल नेपालमा प्रयोग भइरहेका अधिकांश कोदोका जात पुराना र रैथाने मात्रै छन्, जसको उत्पादकत्व कम छ। दोस्रो, किसानलाई प्रविधिमैत्री बनाउनतर्फ ध्यान दिनु आवश्यक छ । कोदोको दाना छुटाउने आधुनिक सानो मेसिन (थ्रेसर), हल्का कल्टिभेटर र लघु सिँचाइ प्रणालीको सहज उपलब्धता अनि त्यसमा सरकारी अनुदानको व्यवस्थाले कोदो खेतीलाई पुनः आकर्षक बनाउन सक्छ ।

**साभार : अनलाईन खबर ।**

**सूचना ! सूचना !! सूचना !!!**

**जनताको पिरमार्का सुन्न र रचनात्मक सुझावहरु ग्रहण गर्न मधेश प्रदेश सरकार सधैं तत्पर र जागरुक छ । साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ ।**

**मधेश प्रदेश सरकार**
**अर्थ मन्त्रालय**
**मधेश प्रदेश जनकपुरधाम, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

शुलभ शिक्षाको लागि सरकार सतर्क ।
वाल-बच्चा स्कुल पठाऔं नगरौं कुतर्क ॥
शिक्षाको व्यापकता सरकारको अभियान ।
पढ्न पठाऔं वालवालिका अगुवा किसान ॥

**मधेश प्रदेश सरकार**
**शिक्षा तथा संस्कृति मन्त्रालय**
**मधेश प्रदेश जनकपुरधाम, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

कृषि यन्त्रीकरण मार्फत कृषि क्षेत्रलाई आधुनिक र व्यवसायिक कृषिमा रुपान्तरण गरी समुन्नत र दिगो कृषि विकासमा जोड दिऔं ।

**मधेश प्रदेश सरकार**
**भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**
**मधेश प्रदेश जनकपुरधाम, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

श्रम स्वीकृती लिएर मात्र वैदेशिक रोजगारमा जाऔं र भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोके बमोजिम रकम बुझाऔं र बुझाएको रकमको अनिवार्य रुपमा भरपाई गराऔं ।

**मधेश प्रदेश सरकार**
**श्रम तथा यातायात मन्त्रालय**
**मधेश प्रदेश जनकपुरधाम, धनुषा**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday